# साना किसान विकास बैंक लि

को

# चौधौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)




**२४ पौष, २०७२**

साना किसान विकास बैंक लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# साना किसान विकास बैंक लि.

## चौधौं वार्षिक साधारण सभाको कामकारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)

**१. वैधानिक सभा**

साना किसान विकास बैंक लि. (लघुवित्त विकास बैंक) को मिति २०७२ साल पौष ०२ गते विहीबार बसेको सञ्चालक समितिको २५४ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम यस बैंकको चौधौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गर्ने निर्णय भएको थियो ।

१.१. सभाको मिति, स्थान र समय

| | |
|---|---|
| सभा हुने मिति | : २०७२/०९/२४ गते, शुक्रबार |
| समय | : ११:०० बजे |
| स्थान | : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको सभाहल, जावलाखेल, ललितपुर । |

**१.२. छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७१/०७२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७१/०७२ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरुलगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७२/७३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० एवं कम्पनी ऐन, २०६३ को परिच्छेद -१८ को अधिनमा रही लेखापरीक्षक सी. ए. महेश खनाल, एम. खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ )

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुंजी रु. २३,०६,८२,३००/- को १.३१६ प्रतिसतका दरले हुने जम्मा रु. ३०,३५,२९३/- मात्र नगद लाभांश (बोनस सेयरको करभुक्तानी प्रयोजनका निमित्त) वितरण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) बैंकको जारी तथा चुक्ता पुँजी रु. ६४ करोड पुऱ्याउने सम्बन्धी विषयमा प्रबन्ध-पत्रका सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

(२) सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यबस्थाका विषयमा नियमावलीका सम्बन्धित नियमहरुमा आवश्यक संशोधन गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००/- को २५ प्रतिसतका दरले हुने जम्मा रु. ५,७६,७०,५७५/- बराबरको बोनस सेयर वितरण गर्ने र बोनस सेयर

जारी पश्चात कायम हुने भिन्न अङ्क (Fraction) लाई भविश्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

(४) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध

## २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै सेयरधनीहरुलाई निजहरुले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा यस बैंकको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रियस्तरको दैनिक पत्रिका कारोबार दैनिकमा एवं यस बैंकको वेभसाईट www.skbbl.com.np मा मिति २०७२/०९/०३ गते र आर्थिक अभियान दैनिकमा मिति २०७२/०९/२० गते प्रकाशन समेत गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७८ को उपदफा (३) बमोजिम वार्षिक साधारण सभा हुनुभन्दा एक्काईस दिन अगावै दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन, यस बैंकको केन्द्रीय कार्यालय र सेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि.को कार्यालय नक्साल, काठमाडौंमा सेयरधनीहरुले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको थियो ।

## ३. उपस्थिति

### ३.१. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री अनिल कुमार उपाध्याय | सञ्चालक |
| ३. श्री अरुण कुमार बज्राचार्य | सञ्चालक |
| ४. श्री सुखदेब न्यौपाने | सञ्चालक |
| ५. श्री रबिन्द्र यादब | सञ्चालक |
| ६. श्री उमेश लम्साल | सञ्चालक |
| ७. श्री भुपेश छत्कुली | सञ्चालक |

### ३.२. सेयरधनी (प्रतिनिधि)हरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री यादब प्रसाद पोखरेल

२. नेपाल बैंक लि., प्रतिनिधि श्री प्रतिभा डंगोल

३. नबिल बैंक लि., प्रतिनिधि श्री बाबुरत्न बज्राचार्य

४. २३१ वटा साना किसान सहकारी संस्थाहरु मध्येबाट १५२ वटा संस्थाका १५२ जना

५. सर्बसाधारण सेयरधनीका तर्फबाट कुल सेयरधनीको प्रतिनिधिहरु उपस्थित भइ हाजिर जनाउने १७९ जना ।

३.३. <u>अन्य पदाधिकारीको उपस्थिति</u>

१. श्री जलन कुमार शर्मा — प्रमुख कार्यकारी अधिकृत

२. श्री झलेन्द्र भट्टराई — कम्पनी सचिव

३.४. <u>अन्य उपस्थिति/पर्यवेक्षक</u>

१. खेमराज खत्री - प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री राजिव श्रेष्ठ - प्रतिनिधि, बाह्य लेखा परीक्षक

३. श्री सागरचन्द्र जोशी - पूर्व सञ्चालक

४. श्री लाल बहादुर यादब - परामर्शदाता

५. श्री पोषणराज लामिछाने - कानूनी सल्लाहकार

६. श्री रुद्र भट्टराई - महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

७. श्री जनार्दन पाठक - रिपोर्टर, न्युज२४ अभियान कार्यक्रम

८. श्री सुरज राजथला - पिोर्टर, कान्तीपुर

९. श्री केदार बास्कोटा - सह सम्पादक, सहकारी सन्देश

**४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कुल सेयर संख्या | सेयर संख्या | उपस्थित सेयर संख्या | कुल सेयर मध्ये प्रतिनिधित्व भएको सेयर संख्या | कुल सेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | ५,०६,६१,३ | १ | ५,०६,६१,३ | २१.९६ |
| नेपाल बैंक लि. | १ | १३,९६,२९ | १ | १३,९६,२९ | ६.०५ |
| नबिल बैंक लि. | १ | ६९,८१,५ | १ | ६९,८१,५ | ३.०३ |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | ८,९४,०३,८ | १५२ | ६,८२,४९४ | २९.५८% |
| सर्वसाधारण सेयरधनीहरु | ९०१७ | ६,९६,७२,८ | १७९ | २९,६६७ | १.२९% |
| **जम्मा** | ९२५१ | २३,०६,८२,३ | ३३४ | १४,२८,२१८ | ६१.९१% |

**५. सभाको वैधानिकता र सभा सञ्चालन**

५.१. कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयरको प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरु मध्ये कम्तीमा ३ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकका चौधौं वार्षिक साधारण सभामा राखिएको सेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने सेयरधनीको संख्या ३३४ भएको र कुल सेयरसंख्याको ६१.९१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिव श्री झलेन्द्र भट्टराइले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मञ्जुर गरेको थियो ।

५.२. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले बैंकका सञ्चालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नु

भएपछि बैंकका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो ।

५.३. सञ्चालक एवं आमन्त्रित अतिथिको आसन ग्रहण सम्पन्न गरी सम्पूर्णको सहभागितामा सामूहिक रुपमा राष्ट्रिय गान सम्पन्न भयो ।

५.४. वि.सं. २०७२ साल बैसाख १२ गते गएको विनासकारी भुकम्पमा परी दिवंगत हुनु भएका साना किसान परिवारका सदस्यहरु एवं भुकम्पमा ज्यान गुमाउनु भएका सम्पूर्ण नेपालीहरुको सम्फनामा एक मिनटको मौन धारण गरियो ।

५.५. अध्यक्षको सहमतिबाट साधारण सभामा उपस्थित सेयरधनीहरुलाई प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले बैंकका गतिविधि माथि प्रकास पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

५.६. सभाध्यक्षज्यूबाट पानसमा द्विप प्रज्वलन गरियो ।

५.७ पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ६. वार्षिक साधारण सभाको प्रस्तुती

६.१. सभाका अध्यक्षज्यूले उपस्थित सबै सेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७१/०७२ को सञ्चालक समितिको प्रतिवेदन तथा प्रस्तावहरु सभामा पढेर सुनाउनु भयो ।

६.२. अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक सेयर महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७२ आषाढ मसान्तको वासलात र मिति २०७१/०४/०१ देखि २०७२/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा पेश भएका प्रस्तावहरु उपर छलफल एवं आ-आफ्नो विचार, जिज्ञासा, सुफावका लागि आह्वान गर्नुभयो ।

## ७. छलफलमा सेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुफावहरु

छलफलको क्रममा सेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको विचार, जिज्ञासा तथा सुफावहरुलाई तल प्रस्तुत गरिएकोछ ।

सेयरधनी श्री रामगोपाल महर्जन

- २५% बोनस दिएकोमा धन्यवाद, भुकम्पका क्षतिका कारण असर पर्ने डर थियो ।
- ११ करोड नाफाबाट १५ करोड नाफा भएकोले आगामी वर्ष समेत बृद्धि हुने विश्वास छ ।
- बैंकले समय सुहाउँदो सफ्टवेयर व्यवस्था गर्नुपर्ने ।
- प्रवर्धक सेयरधनीमा ३९% साना किसान नै भएकोले अति राम्रो लाग्यो ।
- भाखा नाघेको कर्जा कम हुनु राम्रो हो ।
- यति राम्रो इक्वीटी भएको बैंकको आफ्नो भवन पनि हुनुपर्ने । अर्को साधारण सभामा भवन निर्माण आरम्भ भएको सुन्न पाइयोस् ।
- चालु आ.व.को प्रथम ५ महिनाको प्रगति कम भएकोले यस तर्फ ध्यानं दिनु पर्‍यो ।

सेयरधनी श्री कृष्ण काश्यप

- २५% बोनस दिएको छ । यो अत्यन्त ठूलो कुरा हो र यसको बृद्धि हुदै जानु पर्‍यो । यो योग्यता प्रमुख कार्यकारी अधिकृतमा छ ।
- पुस्तकमा कतिपय गल्तीहरु भएको र पछि सचिएको छ ।
- चुक्ता पुँजी र जारी पुँजी बृद्धिको प्रस्ताव गरिएको छ । अधिकृत पुँजी कति हो ? रु. ६४ करोड पुँजी पुऱ्याउनका लागि बैंकले गरेको योजना देखिएन ।

- नगरपालिका घोषणा हुँदैमा त्यहाँका गरीबहरु एकैचोटी धनी हुने होइन । नगरपालिकामा भएका संस्थाहरुलाई सुचारु गर्नुपर्ने र अझ सजग भएर काम गर्नुपर्ने हुन्छ ।
- कार्यक्षेत्र हिमालतर्फ कम भयो । तराईमा मात्र बढि ध्यान दिएको देखिएको छ । यस बैंकको कार्यक्रमले तराई हेपिएको होइन हिमाल, पहाड हेपिएको देखिएको छ ।
- आगामी दिनमा बैंकको बार्षिक प्रतिवेदन पुस्तिकामा कार्यक्रमको परिचयलाई बढि स्थान दिएर अध्यक्षज्यूले वाचन गर्ने प्रतिवेदनले छोटो बनाउन सुझाव दिन्छु ।

<u>सेयरधनी, श्री चन्द्र नारायण श्रेष्ठ</u>

- साना किसानमा संलग्न हुने र नहुने सबैलाई आत्मनिर्भर बनाउन सकेमा यो देशको विकास हुन्छ ।
- खूद नाफामा ३५% बृद्धि २५% मुनाफा दिने प्रस्ताव ल्याएकोमा धन्यवाद, प्रगति बृद्धिको समेत धन्यवाद !
- छापिएको प्रतिवेदन पुस्तिका भरखर मात्र पाएकोले तुलना गर्ने समय भएन । समयमा प्रतिवेदन उपलब्ध गराउन सुझाव छ ।
- पुँजी बृद्धि गर्न सुझाव छ ।
- भुकम्प पिडितलाई मैले पनि स्वयम्सेवक भएर सहयोग गरेको हो । भुकम्पमा ज्यान गुमाउने र क्षति पुगेकाहरु प्रति समवेदना र दुःख व्यक्त गर्दछु ।
- कर्मचारी खर्चमा २५% बृद्धि हुनु बढि भयो हामी १०-१५% लाई सामान्य मान्दछौं ।
- साना किसानको प्रगति होस् शुभकामना छ ।

<u>सेयरधनी प्रतिनिधि, श्री एकराज उप्रेती</u>

- सौहार्दपूर्ण रुपमा साधारण सभा सम्पन्न होस् ।
- यति प्रगतिमा मात्र मख्ख पर्नु हुँदैन गरीबहरु जिवन सुधार तथा कृषिमा आत्मनिर्भरता हासिल गर्न हामी साना किसानले नै उपाय खोज्नु र अबलम्बन गर्नु पर्नेछ ।
- कारोवारका आधारमा जनशक्ति कम भएको देखिएको छ ।
- अनुगमन निरिक्षणमा प्रयास बढाईयो भने सम्भावित जोखिम पनि घट्ने र व्यवसाय विस्तार पनि तीब्र हुने भएकोले ध्यान जाओस् ।
- वित्तीय सेवा बैंकले र गैर वित्तीय सोव संघबाट प्रदान गरेर साना किसानको जिवन सुधार गर्नुपर्ने ।
- १० वर्षमा हामीले धेरै सुधार गर्न सकिन्छ ।
- साना किसान कृषि सहकारी संस्थाहरु सहकारी ऐनमा दर्ता छन् । सहकारीले कम्पनीमा सेयर हाल्न नपाउने नियम बनाएको छ । हामी साना किसानले बैंक खोल्यौं, अहिले सेयर फिर्ता गर्न बाध्य हुनु पर्ने भएकोले ज्यादै दुःखी छौं । सम्बन्धित निकायहरुमा समन्वय गरेर यो कठिनाईलाई सम्बोधन गर्न अनुरोध छ ।
- हाम्रा गाउँका काले, च्याम्से, झुप्रे, झयाम्रे, सुकुम्बासीहरुको अनुहार उज्यालो बनाउन सके मात्र हामी सफल हुनेछौं ।

**<u>लिखित प्रश्नहरु</u>**

सेयरधनी प्रतिनिधि, श्री उपेन्द्र प्रधान, साना किसान कृषि सहकारी संस्था रामनगर, न.प.

- हाम्रो रामनगर (न.पा.) संस्थाले सदस्यको मृत्यू भएमा १३ दिन भित्र १ लाख दिने गर्छ, यस वर्ष मात्र ५ लाख प्रदान गऱ्यो । यस क्रममा डिभिजन सहकारीले सदस्य सुरक्षण योजना अन्तर्गत लिने ८ हजार लिन हुँदैन भन्छ कसो गर्दा उचित होला ?

- माटोमा भिजेका किसानहरुको योग्यता छैन प्लस टु लेखेका युवाहरुलाई माटोको गन्ध मन पर्दैन । के योग्यता नभए पनि काम गर्ने क्षमता भएका व्यक्तिलाई ईजरायल तालिममा छान्न मिल्दैन ? यसमा पनि एसएलसी पास भएका पर्छन् ।
- सोलार पाओरमा सा.कि. संस्थाले कति % अनुदान पाउन सक्छन् ? हामिले किसानलाई कसरी दिने ।
- विषेश प्रस्तावको २ मा सञ्चालकले पारिश्रमिक भत्ताको कुरा आयो, वर्तमान अवस्थामा पारिश्रमिक र भत्ता छ कि छैन, छ भने कसरी हो ?
- साना जलविद्युतमा लगानी गर्न सकिने ठाउँमा लगानी गर्न सके अझ राम्रो हुन्थ्यो ।
- दुम्कीबास सहकारीको इजरायल गएका भाई इजरायलमा लुकेकाछन् । इलाका बुटवलबाट रु. १० लाखका लागि ताकेता भएको छ । के गर्दा बेस होला ?
- साना किसान सहकारी संस्थाका अध्यक्षहरुको मासिक भत्ता कसैको छ र कसैको छैन, एकरुपताका लागि केन्द्रले सोचिदिनु पर्‍यो ।

सेयरधनी प्रतिनिधि, श्री सरिता शाही ठकुरी, साना किसान कृषि सहकारी संस्था छत्रेदेउराली, धादिङ्ग

- बाहिरबाट सहकारी संस्थामा राजनीति गर्न हुँदैन भन्छन् सञ्चालक चुनावी साधारण सभामा त्यहीँका सदस्यहरु हामी र हाम्रो भन्ने भावना बोक्ने व्यक्तिहरु छनौट गर्न पट्टि नलागेर हाम्रो पाटीका गर्नु पर्छ भन्ने तर्फ जोड दिनु हुन्छ ?

सेयरधनी प्रतिनिधि, श्री दिपक भण्डारी, उपाध्यक्ष, सा.कि.लेटाङ

- मासुजन्य ऋिणको किस्ता ६ महिनाको भए हुन्थ्यो । प्रत्येक सेयर सदस्यलाई २ लाख भन्ने भन्दा पनि व्यावसायिक किसान सदस्यहरुलाई १० लाख सम्म दिन पाउने अनुगमन र प्लस सुचकांक सहितको कार्यविधि भए राम्रो हुन्थ्यो ।

सेयरधनी प्रतिनिधि, श्री वासुदेव कोइराला,

- विषेश प्रस्तावको ३ मा भएको भिन्न अंक भनेको के हो ? प्रष्ट पारिदिनु पर्‍यो ।
- स्वरोजगार कर्जाको उमेरको हद म्याद ४५ भित्र मात्र पर्ने हुँदा ४५ भन्दा बढीकोले पाउने व्यवस्था मिलाउनुहुन निवेदन छ ।
- भुकम्प पिडितका लागि जम्मा भएको राहतमध्ये बाँकी रकम अति विपन्न क्षेत्रका पिडितका लागि जाडोको लुगा वितरण गर्न पाए कसो हुन्थ्यो ?
- करारमा २१ जना कर्मचारी रहनु भएकोलाई प्रकृया पुर्‍याएर कर्मचारी नियुक्ति गर्दा के हुन्छ ?

सेयरधनी प्रतिनिधि श्री शारदा प्रसाद दहाल, साना किसान कृषि सहकारी संस्था लि. मधुवन,

- इजरायल पठाउन चिठ्ठा प्रकृया नभई योग्यता, क्षमता र दक्षताका आधारमा छनोट गर्न छनोट गर्न आउने इजरायलका प्रतिनिधिहरुलाई अनुरोध गर्ने की ?

सेयरधनी प्रतिनिधि श्री पुनदेव प्रसाद रौनियार, साना किसान कृषि सहकारी संस्था लि. भोडाहा,

- वार्षिक प्रतिवेदन पुस्तिका साधारण सभा अगावै सेयर सदस्य संस्थाहरुमा पुर्‍याउन सके केही अध्ययन गरे साधारण सभामा आउँदा अरु प्रभावकारी हुन्थ्यो कि ?

सेयरधनी प्रतिनिधि श्री डिल्ली पाठक, साना किसान कृषि सहकारी संस्था लि. सलाङ्ग,

- कृषि कार्यक्रम अन्तर्गत खाद्यवाली र नगदेवालीमा सहुलियत व्याजदरमा ऋणको व्यवस्थाको बारेमा मौन रहेको देखियो । भुकम्पले क्षति भएको संस्थाको पुर्ननिर्माणको लागि कुनै ठोस योजना आएन । गरिव उन्मुलनको सट्टा न्यूनिकरण भन्नु भएको भए वेस हुन्थ्यो कि ?

सेयरधनी प्रतिनिधि श्री ध्रुब कोइराला, साना किसान कृषि सहकारी संस्था लि. सन्तपुर,

- छनोट गर्ने समयमा महिला विद्यार्थी छनोट गरिएपनि उनीहरु इजरायल जान पाएनन् । छनोट नै नगरेको भए राम्रो हुन्थ्यो । त्यहाँ गएर सुन्तला खेतीमा काम गर्नेले यहाँ आएर त्यो खेती गर्न सम्भव नहुने हुँदा ठाउँ अनुसारको विद्यार्थी पठाउनु पर्ने ।

सेयरधनी प्रतिनिधि श्री मिन बहादुर सेन, साना किसान कृषि सहकारी संस्था लि. कपुरकोट,

- साना किसान विकास बैंक प्रति आभार प्रकट गर्दछु । साना किसानको उन्नतीका लागि थाली देखि आलीसम्म, ओठ देखि गोठसम्म, उत्पादन देखि उपभोक्तासम्मका कार्यक्रममा केही अनुदानको व्यवस्था गर्नसके राम्रो हुन्थ्यो ।

सेयरधनी प्रतिनिधि श्री जगरनाथ प्रसाद भेडिहर, साना किसान कृषि सहकारी संस्था लि. सखुअवा,

- भुकम्प पिडित र मधेश आन्दोलन को असर परेका संस्थाका ऋणी सदस्यलाई केही छुट मिनाहा गर्न निवेदन गर्दछु ।

अन्य नाम नखुलेका सेयरधनी प्रतिनिधिहरुको जिज्ञासा

- साना किसान विकास बैंक लि. को सेयर खरिद गर्न के गर्नु पर्ला ?
- यो बैंकले नेपाल सरकारको अनुदान भएको ६% ब्याजवाला ऋण लगानी गर्न पहल गर्नु पर्‍यो ।
- इजरायल गएको प्रशिक्षार्थीका विषयमा नेपाल सरकारलाई थाहा हुन्छ की हुदैन ?
- इजरायल गएका प्रशिक्षार्थीहरुको बिमा भएको हुन्छ की हुँदैन ? यदी दूर्घटना भएमा त्यसको उद्धार कसले गर्छ र क्षतिपूर्ति कसले दिन्छ ?

८. **सभामा पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ**

छलफलमा भाग लिने सम्पूर्ण सेयरहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा र कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले दिनुभएको थियो ।

८.१. अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरुको प्रष्ट पार्दै भन्नु भयो -

- यहाँ शिर ठाडो पारेर बोल्न पाउँदा खुसी लागेको छ । महर्जनजी जस्ता पैसा लगानी गर्नेहरुले बैंकको कार्य प्रति सन्तोष व्यक्त गरेकोमा धेरै धेरै खुसी लागेको छ ।
- यस बैंकमा लगानी गर्ने सेयर धनीहरुको विश्लेषणबाट प्रतिवेदन पुस्तिकामा ठुलै कमजोरीहरु देखिन्छ की भन्ने लागेको थियो राम्रो प्रतिकृया दिनु भयो । यसले हाम्रो भोलीको कामको लागी अझै प्रोत्साहन मिलेको छ । छपाईको शुद्धासुद्धीमा भएको कमि कमजोरीहरु हटाउन आगामी दिनमा अझै सजग हुने छौं ।
- मधेश आन्दोलन र भुकम्प पिडित क्षेत्रमा कस्तो सुविधा दिनु पर्ला भन्ने सम्बन्धमा नेपाल सरकार र सहयोगी निकायहरुसँग समेत छलफल चलाउछौं ।
- पशुपालन बाहेकका अन्य कृषि व्यबसायमा पनि सुहलियत ऋण उपलब्ध गराउने प्रयासमा हामी निरन्तर लाग्ने छौं ।
- सेयरधनी महानुभावहरुले दिनु भएको सुझावलाई मनन गरी आगामी दिनमा काम गरिने छ । साथै यो लघुवित्त बैंक भएकाले यसको कार्य प्रकृति अनुसार जलविद्युत र ठुला परियोजनामा लगानी गर्न सक्ने अवस्था र छुट हुँदैन । तर, साना जलविद्युत सम्बन्धमा सहकारी ऐन निर्माणका क्रममा नै पहल गरिने छ ।
- बैंकले पुँजीको लागतका आधारमा ब्याजदरलाई समसामयिक बनाउँदै आएको छ ।
- बैंकको क्षमताले भ्याएसम्म समान अवसरका लागि प्रयास गरिनेछ ।

- इजरायल गए पछि के के गर्ने भन्ने निर्धारण हुन्छ । त्यहाँ समयको महत्व थाहा हुन्छ । जिवनको महत्व थाहा हुन्छ । अनगिन्ती कुराको अनुभव हुन्छ ।
- कृषि विकास कार्यालयबाट पाइने अनुदानको लागि संस्थाले नै पहल गर्नुपर्ने । गाविस, जिविसमा स्थानीय स्तरबाट पहल गरौं ।
- सहकारी संस्थाका सञ्चालक समितिले संस्थाको कमाई र क्षमता अनुसार साधारण सभाको स्वीकृति लिएर सेवा सुविधा लिन सकिन्छ । सामान्य अवस्थामा केन्द्रीय स्तरबाट हस्तक्षेप गर्न मिल्दैन ।
- इजरायलबाट नफर्किने वा भाग्नेले यो देशको बेइजत गरेको ठहर्छ । इजरायलीहरु तालिम सकेर नफर्कने संस्था वा देशबाट प्रशिक्षार्थी लान बन्द गर्छन् । इजरायल जाने विद्यार्थी उतै तिर नभागुन भनेर ग्यारेण्टी वापत रु. १० लाखको जमानत लिईएको हो । जो भाग्छ त्यो संस्थाले १० लाख बैंकमा जम्मा गर्नु पर्छ । साना किसान सहकारी संस्था लि. दुम्कीबासले उक्त रकम जम्मा गर्न १५ दिन थप समय माग गरेकोले इ.का. बुटवलले पहल गरेको हो । नतिरे सदस्यको धितो लिलाम गरेर संस्थाले पैसा असुल गरेर जम्मा गर्ने व्यवस्था मिलाउनुपर्ने त्यसो नगरे त्यस जिल्ला र संस्थाको कोटा काटिने अवस्था हुन्छ ।
- भुकम्प पिडितलाई कोषबाट न्यानो कपडा वितरण गर्ने कि भन्ने बढो राम्रो सुझाव आएको छ, यस विषयमा सल्लाह गरिने छ ।
- करार कर्मचारीलाई स्थायी गर्न आएको सुझाव सम्बन्धमा चैं बैंकले स्थायीको प्रकृया शुरु गर्ने हो र त्यो प्रकृयाभित्र सक्षम भई आउनेलाई मात्र स्थायी गरिने छ । करारलाई नै तोकेर सोझै स्थायी गर्न मिल्दैन ।
- इजरायली प्रशिक्षार्थीहरुको छनौटको प्रकिया बैंकले गर्ने कि भन्ने प्रश्नमा इजरायलमा पहिलो ग्रुपले राम्रो गर्‍यो । त्यसैले इजरायलले २०५ बाट ५१५ जनाको कोटा पुर्‍यायो । बैंकले छनौट गर्दा संस्थाको सहभागिता र भुमिका न्यून हुन जान्छ । हामी संस्थालाई अझ जिम्मेवार र बलियो बनाउन चहान्छौं ।
- इजरायलको मन्त्री यहाँ आउनु भयो र नेपालको मन्त्रीलाई पनि इजरायल आउन निम्ता दिनु भएको छ । दुई देश बीचको सम्बन्धलाई अझ सुदृढ बनाउन हाम्रो बैंकको भुमिका पनि महत्वपूर्ण बन्दै गएकोमा गर्व लागेको छ ।

८.२. <u>बैंक व्यवस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा बैंकका प्रमुख कार्यकारी अधिकृत जलन कुमार शर्माबाट सभा समक्ष उपलब्ध जवाफ यस प्रकार रहेको छ ।</u>

- सभामा गहनतम सुझावहरु प्रस्तु भएका छन् । आगामी दिनमा बैंकका काम कारवाही अघि बढाउने सन्दर्भमा यी महत्वपूर्ण सुझावहरुलाई मध्यनजर गरी अघि बढाउँदा बैंकको कारोवारको गुणस्तरीय विस्तारमा सघाऊ पुग्ने समेत लागेको छ । महत्वपूर्ण सुझावहरुको पालना गरिनेछ ।
- बैंकको आफ्नै भवन बनाउने प्रयासमा हामी छौं ।
- इजरायल गएर फर्कने बिद्याथीहरुले यहाँ आएर गर्ने कामले यो देशकालाई आर्थिक सम्बृद्धि गराउने बाटोमा सहयोग गर्छ भन्ने लाग्छ ।
- अर्को बर्षदेखि सम्भव भएसम्म साधारण सभा अगाडी नै सेयरधनी महानुभावहरुको हातमा बार्षिक प्रतिवेदन पुर्‍याउने प्रयास गर्ने छौं ।
- प्रतिवेदनको शुद्धाशुद्धिको लागी आगामी दिनमा अझै बढी सजग हुनेछौं ।

८.३. साना किसान प्रशिक्षार्थी कार्यक्रम सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा यस बैंकका कम्पनी सचिव तथा बरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराईबाट गराईएको जानकारी -

- साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम अन्तरगत यस बैंकको समन्वयमा इजरायलका विभिन्न कृषि तालिम केन्द्र तथा कलेजहरुमा १० महिने कृषि तालिमका लागि जाने प्रत्येक विद्यार्थीहरुको स्वास्थ्य बिमा इजरायलको नियम अनुसार सम्बन्धित कृषि तालिम केन्द्र तथा कलेजहरुले अनिवार्य रुपले गर्नु पर्दछ। बैंकसँगको सम्झौतामा पनि यो कुरा उल्लेख छ।
- उक्त कृषि तालिम केन्द्र तथा कलेजहरुको समयावधि र कार्य भित्र हुन सक्ने दुर्घटना तथा उद्धार सम्बन्धी जिम्मेवार समेत उनीहरुले नै बहन गर्दछन्।
- यस तालिम अन्तरगत इजरायल जाने विद्यार्थीहरुको नाममा नेपाल सरकार, अर्थमन्त्रालयबाट सहमति प्राप्त गरिएको हुन्छ।

कम्पनी सचिवद्वारा सभामा उद्घोषक र सहजकर्ताको कार्य सम्पादन गर्दै छलफल सत्रमा जिज्ञासा राख्ने सेयरधनीहरुको नामावली संकलन गरी क्रमबद्ध रुपमा आफ्नो भनाई राख्न मञ्चमा बोलाईएको थियो।

## ९. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लगि एक एक गरी प्रस्तुत गरिएकोमा सभामा उपस्थित सेयरधनीहरुले थपडी बजाएर प्रस्ताव स्वीकृत गरेको जनाउ दिनु भएकोले देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नु भयो :

### (क) सामान्य प्रस्ताव

***१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०७१/७२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।***

निर्णय

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित सेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो।

***२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७१/७२ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिने सम्बन्धमा।***

निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७१/७२ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव उपस्थित सेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो।

***(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७२/०७३ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (बैंक तथा वित्तीय संस्था***

***सम्बन्धी ऐन २०६३ को दफा ६० एवं कम्पनी ऐन, २०६३ को परिच्छेद-१८ को अधिनमा रही लेखापरीक्षक सी.ए. महेश खनाल, एम. खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सको नाम सिफारिस भई आएको छ ।)***

निर्णय

यस बैंकको आ.व.२०७२/०७३ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा बैंकको लेखा परीक्षण समितिको मिति २०७२/०९/०२ को सिफारिस सहित सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा कर लेखापरीक्षण सहित आ.व.२०७२/०७३ को लागि लेखापरीक्षण गर्ने कार्यका लागि लेखापरीक्षकमा सी. ए. महेश खनाल, एम. खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्ति गर्ने निर्णय पारित गरियो । निजको पारिश्रमिकको हकमा भ्याट/कर बाहेक रु. ५,००,०००/- (अक्षरेपी पाँचलाख) मा नबढ्ने गरी निर्धारण गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

***(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००/- को १.३१६ प्रतिसतका दरले हुने जम्मा रु. ३०,३५,२९३/- मात्र नगद लाभांश (बोनस सेयरको करभुक्तानी प्रयोजनका निमित्त) वितरण गर्ने ।***

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००/- को १.३१६ प्रतिसतका दरले हुने जम्मा रु. ३०,३५,२९३/- मात्र नगद लाभांश (बोनस सेयरको करभुक्तानी प्रयोजनका निमित्त) वितरण गर्न सर्वसम्मतिले स्विकृत प्रदान गरी निर्णय पारित गरियो ।

**(ख) विशेष प्रस्ताव :**

***(१) बैंकको जारी तथा चुक्ता पुँजी रु. ६४ करोड पुऱ्याउने सम्बन्धी विषयमा प्रबन्धपत्रका सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।***

निर्णय :

बैंकको जारी तथा चुक्ता पुँजी रु. ६४ करोड पुऱ्याउने सम्बन्धमा बैंकको प्रबन्धपत्रको दफा ५ को खण्ड (ख) र खण्ड (ग) को सट्टामा देहाय बमोजिमको दफा ५ को खण्ड (ख) र खण्ड (ग) राखी संशोधन गर्ने बैंकको साधारण सभामा पेश गरिएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

दफा ५ को खण्ड (ख): लघुवित्त विकास बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.६४,००,००,०००/- (अक्षरेपी चौंसट्ठी करोड) मात्र हुनेछ ।

दफा ५ को खण्ड (ग): लघु वित्त विकास बैंकको तत्काल चुक्ता पुँजी रु.६४,००,००,०००/- (अक्षरेपी चौंसट्ठी करोड) मात्र हुनेछ ।

***(२) सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाका विषयमा नियमावलीका सम्बन्धित नियमहरुमा आवश्यक संशोधन गर्ने ।***

निर्णय :

सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाका विषयमा बैंकको नियमावलीको नियम २९ को उपनियम १ को खण्ड (ग) को उपखण्ड (उ) र उपखण्ड (ऊ) एवं सो को देहाय

(१) र (२) र नियम २९ को उपनियम १ को खण्ड (घ) को सट्टामा देहाय बमोजिम नियम २९ को उपनियम (१) को खण्ड (घ) र सो को उपखण्ड (अ), (आ), (इ) र (ई) राखी संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

नियम २९ को उपनियम १ को खण्ड (घ)

लघु वित्त विकास बैंकका सञ्चालकलाई प्रदान गरिने टेलिफोन, सञ्चार, एवं सवारी साधन सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ ।

(अ) टेलिफोन/मोबाईल फोन वापत लघुवित्त विकास बैंकका अध्यक्षलाई प्रति महिना रु.२,५००/-(अक्षरेपी दुई हजार पाँच सय मात्र) र सञ्चालकलाई प्रतिमहिना रु.१,५००/- (अक्षरेपी एक हजार पाँचसय मात्र) का दरले एकमुष्ट उपलब्ध गराइनेछ ।

(आ) सञ्चालकलाई सेवा अवधिमा एक पटकका लागि (फिर्ता गर्न नपर्ने गरी) रु. २०,०००/- (अक्षरेपी बीस हजार मात्र) को मोबाईल फोन सेट वा स्वयंबाट खरिद गरी विल पेश गरेको खण्डमा सो वापत उक्त रकममा नबढाई विल अनुसार सोधभर्ना उपलब्ध गराइने छ ।

(इ) लघुवित्त विकास बैंकका सञ्चालकलाई पत्रपत्रिका वापत प्रतिमहिना रु.१०००/- (अक्षरेपी एकहजारमात्र) उपलब्ध गराइने छ ।

(ई) लघुवित्त विकास बैंकका अध्यक्षलाई बैठकमा भाग लिनको अतिरिक्त पदीय जिम्मेवारी अनुसारको कामको लागि सवारी साधन उपलब्ध गराइने छ ।

***(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००/- को २५ प्रतिसतका दरले हुने जम्मा रु. ५,७६,७०,५७५/- बराबरको बोनस सेयर वितरण गर्ने र बोनस सेयर जारी पश्चात कायम हुने भिन्न अङ्क (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।***

निर्णय :

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७१/७२ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. २३,०६,८२,३००/- को २५ प्रतिसतका दरले हुने जम्मा रु. ५,७६,७०,५७५/- बराबरको बोनस सेयर वितरण गर्ने र बोनस सेयर जारी पश्चात कायम हुने भिन्न अङ्क (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्न स्वीकृति दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

***(४) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।***

निर्णय :

प्रस्तुत प्रबन्धपत्र तथा नियमावलीको संशोधनका क्रममा नियामक निकायबाट फेरवदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा पेश भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**१०. सभा विसर्जन**

१०.१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

१०.२. सभाको अन्त्यमा सम्पूर्ण सेयरधनी महानुभाव एवं सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

१०.३. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष एवं सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । चौधौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि सेयरधनी महानुभावहरुमा साथै सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

**(झलेन्द्र भट्टराई)**
कम्पनी सचिव

**(खेम बहादुर पाठक)**
अध्यक्ष

**२४ पौष, २०७२**